

# लेख - आलेख

दिलु दर्जी

लेख- आलेख
समालोचनात्मक लेखहरूको सङ्गालो

© दिलु दर्जी

पहिलो संस्करण: २०२३
मूल्य: ₹ ३५०/-
प्रकाशक : उपमा पब्लिकेसन, कालेबुङ, भारत
upamapublication@gmail.com
80164 34999
ISBN : 978-93-92035-18-0

# नेपाली समालोचना क्षेत्रको नयाँ अधिति : 'लेख-आलेख'

भारतीय नेपाली साहित्यिक तथा शोध पत्रिकातिर समय समयमा विविध विषयक समालोचनात्मक कार्य गरेर आफैलाई व्यस्त तुल्याउने एक स्थापित साधकको नाउँ हो प्रा दिलु दर्जी (ठटाल)। उनी हालमा क्लुनी महिला महाविद्यालयको नेपाली भाषा साहित्यका वरिष्ठ प्राध्यपकको रूपमा सेवारत् छन्। स्वाभावले नै उनी मृदु भाषी, मिलनसार र परसहयोगी छन्। प्रायः चुपचाप आफ्नै धुनमा केही न केही गरिरहने तर आफ्नो कार्यको विज्ञापन भने ठ्याम्मै गर्न नरुचाउने व्यक्तित्व पनि उनी हुन् भन्दा अवस्यै दुई मत नहोला। उनले हालसम्म क्लुनी महिला महाविद्यालयको मुख पत्रिका 'स्याम्स' – को सम्पादक, कालेबुङ दमाई समाजको समसामयिक पत्रिका 'सगुन'को सम्पादक, अखिल भारतीय नेपाली अनुसूचित जाति सङ्घको मुख पत्रिका 'सहभागिता'को सम्पादक तथा मिरिक खण्डबाट प्रकाशित 'प्रवाह'को सह-सम्पादक आदि तहका कार्यहरू गर्दै नेपाली साहित्य लेखन र पठनको क्षेत्रमा आफूलाई सक्रीय राखी आएका पाइन्छन्। अहिलेका नयाँ पुस्ताका समालोचकहरूका हाँचमा निःसन्देह प्रा. दिलु दर्जी (ठटाल) को नाउँ स्थापित रहेको बुझिन्छ।

प्रस्तुत पुस्तक 'लेख-आलेख'लाई साहित्यमा उनको भगिरथ साधनाको पहिलो उद्योगको परिणाम हो भन्न सकिन्छ। जसभित्र जम्मा तेह्रवटा समालोचात्मक लेख सङ्गृहीत छन्। यीमध्ये चारवटा उपन्यासकेन्द्री, दुईवटा नाटककेन्द्री, दुईवटा कथाकेन्द्री, दुईवटा कविताकेन्द्री, एउटा निबन्धकेन्द्री, एउटा सम्पादक व्यक्तित्व विषयककेन्द्री र एउटा लोकपरम्पराकेन्द्री समालोचना परेका छन्। जहाँ उनले विश्वेश्वर प्रसाद कोइराला, बद्री नारायण प्रधान, रामलाल अधिकारी, एडोन रोङ्गोङ, आर. पी. लामा, असीत राई, डा. जस योञ्जन प्यासी, देवनम देवसा, शङ्करदेव ढकाल, समिरण छेत्री 'प्रियदर्शी', केदार गुरुङ आदि स्रष्टाका कृतिहरूलाई शिल्प विधान, वस्तु-योजना, पात्र-विधान आदिका आधारमा विवेचनात्मक मूल्याङ्कन गरेका छन्। उनको विवेचनको शैली कतै व्याख्यात्मक,